**गाउँ कार्यपालिकाको मिति २०८२।१०।२२ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु**

| क्र.स. | प्रस्तावहरु | निर्णय हुनु पर्ने व्यहोरा |
|---|---|---|
| १. | गत कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा। | समीक्षा भई आवश्यक निर्णय हुनुपर्ने। |
| २. | सानीभेरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ सम्बन्धमा। | गाउँ सभामा पेश गर्ने गरि स्वीकृति दिने। |
| ३. | सानीभेरी गाउँपालिका बेरुजु फस्यौंट कार्यविधि, २०८२ सम्बन्धमा। | पेश भए अनुसार पारित हुनुपर्ने। |
| ४. | सानीभेरी गाउँपालिका लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा। | पेश भए अनुसार पारित हुनुपर्ने। |
| ५. | सानीभेरी गाउँपालिका गाउँ सभा सचिवालय स्थापना तथा सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा। | पेश भए अनुसार पारित हुनुपर्ने। |
| ६. | रकमान्तर सम्बन्धमा। | पेश भए अनुसार पारित हुनुपर्ने। |
| ७. | सानीभेरि गाउँपालिका अस्पताल भवन उदघाटन सम्बन्धमा। | उदघाटन तयारिका लागि आवश्यक निर्णय हुनुपर्ने। |
| ८. | ढुङ्गा, गिट्टि, बालुवाको ठेक्का नभएको भाग बिक्रि गर्ने सम्बन्धमा। | प्राविधिकको राय अनुसार उपर्युक्त निर्णय हुनुपर्ने। |
| ९. | साना क्रसर उद्योगलाई अस्थायी अनुमति दिने सम्बन्धमा। | भुकम्प पछिको पुन:निर्माणमा निर्माण सामग्रीको उपलव्धता र गुणस्तरलाई ध्यान दिई उपर्युक्त निर्णय हुनुपर्ने। |
| १०. | सडक बोर्ड नेपालको बार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि पेश गर्ने सम्बन्धमा। | सडक बोर्ड नियमावली २०६० परिच्छेद ३ नियम ९ बमोजिम हुने गरी निर्णय हुनुपर्ने। |

| | | |
|---|---|---|
| ११. | सामुदायिक मनोसामाजिक कार्यकर्ताको तलब र अन्य सुविधा सम्बन्धमा। | छलफल भई आवश्यक निर्णय हुनुपर्ने। |
| १२. | परियोजना समितिका लागि प्रतिनिधि छनौट सम्बन्धमा। | छलफल भई आवश्यक निर्णय हुनुपर्ने। |
| १३. | प्राविधिक कर्मचारीलाई प्रोत्सहान भत्ता उपलव्ध गराउने सम्वन्धमा। | विपद् प्रभावित निजी आवास निर्माणमा खटिएको आधारमा आवश्यक निर्णय हुनुपर्ने। |
| १४. | नागरिक उपचार सहायता कार्यक्रम सम्बन्धमा। | पेश भए अनुसार हुने। |
| १५. | गरिबसँग विशेश्वर कार्यक्रम सम्बन्धमा। | पेश भए अनुसार निर्णय हुनुपर्ने। |
| १६. | विविध सम्बन्धमा। | समसामयिक तथा अन्य विषयमा छलफल भई आवश्यक निर्णय हुनुपर्ने। |

<u>निर्णयहरु</u>

**निर्णय नं.१: गत कार्यपालिका बैठकका निर्णयको समीक्षा**

अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुको सम्वन्धमा छलफल भई कार्यान्वयन भएका निर्णयहरुको जानकारी गराई कार्यान्वयन नभएका निर्णयहरु कार्यान्ववयन गर्ने निर्णय गरियो।

**निर्णय नं.२: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सानीभेरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ गाउँ सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो।

**निर्णय नं.३: सानीभेरी गाउँपालिका बेरुजु फर्स्यौट कार्यविधि, २०८२**

सानीभेरी गाउँपालिका बेरुजु फर्स्यौट कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ४: सानीभेरी गाउँपालिका लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२**

सानीभेरी गाउँपालिका लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ५: सानीभेरी गाउँपालिका गाउँ सभा सचिवालय स्थापना तथा सञ्चालन कार्यविधि, २०८२**

सानीभेरी गाउँपालिका गाउँ सभा सचिवालय स्थापना तथा सञ्चालन कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो।

**निर्णय नं.६ : रकमान्तर**

वडा कार्यालय अन्तर्गत र पालिका अन्तर्गत विनियोजन भएको खर्च शिर्षक अनुसारको रकम विनियोजन ऐन, २०८२ अन्तर्गत रहि रकमान्तरका लागि सभामा पेश गरि रकमान्तर गर्ने निर्णय गरियो।

**निर्णय नं.७ : सानीभेरी गाउँपालिका अस्पताल भवन उदघाटन**

सानीभेरी गाउँपालिका १५ शैय्याको आधारभूत अस्पताल मिति २०८२/११/२१ गते हुने निर्वाचन पछि अस्पताल भवन उदघाटन गर्ने कामको लागि सामाजिक विकास समितिका संयोजक र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं.८ : ढुङ्गा, गिट्टि, बालुवाको ठेक्का नभएको भाग बिक्रि गर्ने**

प्राविधिक र राजश्व शाखा सम्मिलित समिति बनाई समितिको प्रतिवेदनको आधारमा विक्रि वितरणको व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं.९ : साना क्रसर उद्योगलाई अस्थायी अनुमति दिने**

जाजरकोट भुकम्पबाट प्रभावित भइ विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०८१ को दफा २५ अनुसार लाभग्राहीले निर्माण गर्ने निजी आवासका लागि निर्माण सामग्री स्थानीय बजारमा उपलब्ध गराउन, गुणस्तर कायम गर्न गराउन र आपूर्ति व्यवस्थापन तथा सहजीकरण गर्नसक्ने भूमिका स्थानीय तहको भएको हुँदा पुनर्निर्माणको कार्य सम्पन्न नभएसम्मको लागि अस्थायी रुपमा क्रसर उद्योग सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं.१० : सडक बोर्ड नेपालको बार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि पेश गर्ने**

आर्थिक वर्ष २०८२/०८३ को सडक बोर्ड नेपालको च.नं. ६७९ मिति २०८२/०९/२८ गतेको प्राप्त पत्रानुसार स्थानीय सडक मर्मत संभार कार्यको लागि रु. ५,००,०००/(अक्षरुपी पाँच लाख मात्र) बजेट स्वीकृत गरि पठाइएको र सडक बोर्ड नियमावली २०६० परिच्छेद

३ नियम ९ बमोजिम ब्यहोर्नुपर्ने समपुरक कोष रकम तीस प्रतिशत रकमले हुन आउने रकम रु. २,१५,०००/ (दुई लाख पन्ध्र हजार मात्र) यस पालिकाको समपुरक योजना लागत साझेदारी शिर्षकबाट ब्यहोर्ने गरी तपशिल अनुसारको योजना स्वीकृत गरी सहमतिको लागि सडक बोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो।

**तपशिल**

| क्र.स. | योजनाको नाम | बजेट रकम |
|---|---|---|
| १. | पेदिबजार गरायला गाउँ सडक मर्मत सुधार योजना सानीभेरी ३ | ७,१५,०००। |

**निर्णय नं.११ : सामुदायिक मनोसामाजिक कार्यकर्ताको तलब र अन्य सुविधा**

मानिसक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल (सि.एम.सि.-नेपाल) ले यस पालिकासँगको सहकार्यमा कर्णाली मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै आएको र हाल केन्द्रले परियोजना मार्फत एक जना सामुदायिक मनोसामाजिक कार्यकर्ताको तलव फेब्रुअरी २०२६ सम्म उपलव्ध गराउने सोही अनुसार एक जना सामुदायिक मनोसामाजिक कार्यकर्ताको तलव सुविधा पालिकाले उपलव्ध गराउने र तत्पश्चात मनोसामाजिक सहयोगको आवश्यकताको आधारमा दुवै जना मनोसामाजिक कार्यकर्ताको तलव सुविधा पालिकाको श्रोतबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२ : परियोजना समितिका लागि प्रतिनिधि छनौट**

यस पालिका र नेपाल रेडक्रस सोसाइटी रुकुम पश्चिम जिल्ला शाखाको सहकार्यमा सन् २०२६ देखि २०२८ सम्म सञ्चालन हुने स्वास्थ्य, अनुकुल तथा उत्थानशिलताका लागि दिगो विकास कार्यक्रम (SUDHAR) परियोजनाको परियोजना व्यवस्थापन समितिमा तपशिल अनुसार जनप्रतिनिधी र कर्मचारी छनौट गर्ने निर्णय गरियो।

| क्र.स. | नाम,थर | भूमिका | ठेगाना/पद | कैफियत |
|---|---|---|---|---|
| १. | शेर बहादुर खड्का | सदस्य | वडा अध्यक्ष ९ नं. वडा | |
| २. | कर्णविर के. सी. | Focal person | स्वास्थ्य शाखा प्रमुख | |

**निर्णय नं.१३ : प्राविधिक कर्मचारीलाई प्रोत्सहान भत्ता उपलव्ध गराउने**

विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधि,२०८१ अनुसार निर्माण हुने निजी आवासको पुनर्निर्माण तथा पुनस्थापना गर्ने काम सम्पन्न भइसके पछी आवासको पुनर्निर्माण तथा पुनस्थापना खटिने प्राविधिक कर्मचारीलाई प्रतिघर रु. २५० र ईन्जिनियरलाई रु. ५० का दरले प्रोत्सहान भत्ता उपलव्ध गराउने निर्णय गरियो।

**निर्णय नं.१४ : नागरिक उपचार सहायता कार्यक्रम**

| क्यान्सर रोगबाट मृत्यु भएका तपशिलका व्यक्तिको परिवारलाई दिएको सहायता रकम नागरिक उपचार सहायता कार्यक्रमबाट भुक्तानी शोधभर्ना गर्ने निर्णय गरियो । | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र स | नाम थर | स्थायी ठेगान | रोगको किसिम | रकम | मोबाइल नं. | कै |
| १. | ईन्द्रविर ओली | सानीभेरी- १ | क्यान्सर | २०००० | | |
| | **जम्मा** | | | २०००० | | |

**निर्णय नं.१५ : गरिबसँग विशेश्वर कार्यक्रम**

सानीभेरी गाउँपालिका १० र ११ नं. वडामा सञ्चालित गरिबसँग विशेश्वर कार्यक्रममा यस आर्थिक बर्षमा विनियोजन गरिएको रकम रु. १,८५,०००/ (अक्षरुपी एक लाख पचासी हजार मात्र।) राङखोला लिफ्टिङ खानेपानी आयोजना निर्माण तथा सञ्चालन छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**आजको बैठक सौहार्दपूर्वक रुपमा सम्पन्न भई बैठकमा उपस्थित सबैलाई अध्यक्षबाट धन्यवाद व्यक्त गरि बैठक समापन गरियो।**